सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# पर्यटन विकास कार्यालय, वीरगंज पर्साको आ.व. २०८२/०८३ (२०८२ साल साउन देखि २०८३ अषाढ मसान्त सम्म) को प्रगति विवरण

(Proactive Disclosure)

## आ.व. २०८२/०८३




**<u>प्रकाशक</u>**

मधेश प्रदेश सरकार

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय

## पर्यटन विकास कार्यालय

वीरगंज, पर्सा

## १. पर्यटन विकास कार्यालय पर्साको प्रकृति र स्वरुप

मधेस प्रदेश सरकार अन्तर्गत बारा र पर्सा जिल्लाका पर्यटन प्रवर्द्धन तथा पर्यटन क्षेत्रको विकास सम्बन्धि कार्य गर्नका लागि पर्यटन विकास कार्यालयको मिति २०७९ साल असोज १२ गतेमा स्थापना भई कार्यालय संचालनमा आएको ।

मधेस प्रदेश अन्तर्गत पर्ने बारा र पर्सा जिल्ला नेपालको तराई क्षेत्रमा अवस्थित महत्त्वपूर्ण जिल्ला हुन्। यी दुवै जिल्ला आर्थिक, औद्योगिक, कृषि तथा व्यापारिक दृष्टिले देशका प्रमुख क्षेत्र मानिन्छन्। दुवै जिल्लाको दक्षिण सीमा भारतसँग जोडिएको छ, जसले गर्दा नेपाल-भारत व्यापारमा विशेष भूमिका रहेको छ।

भौगोलिक अवस्था

बारा र पर्सा जिल्लाहरू समथर तराई भू-भागमा अवस्थित छन्। यहाँको हावापानी गर्मीमा तातो र जाडोमा सामान्य चिसो हुन्छ। यी जिल्लामा वन, खेतीयोग्य जमिन तथा नदी-नालाहरू प्रशस्त पाइन्छन्।

प्रशासनिक तथा प्रमुख सहरहरु

पर्सा जिल्लाको प्रमुख सहर वीरगञ्ज हो, जुन नेपालको मुख्य व्यापारिक प्रवेशद्वार मानिन्छ । बारा जिल्लाको सदरमुकाम कलैया हो। यी क्षेत्रमा सडक, उद्योग तथा यातायातको राम्रो विकास भएको छ।

आर्थिक अवस्था

दुवै जिल्लाको अर्थतन्त्र मुख्यतः कृषि, उद्योग र व्यापारमा आधारित छ। धान, गहुँ, मकै, उखु आदि प्रमुख कृषि उत्पादन हुन्। पर्साको वीरगञ्ज क्षेत्रमा धेरै उद्योग तथा कारखानाहरू रहेका छन्। भारतसँगको नाका भएकाले व्यापारिक गतिविधि अत्यन्त सक्रिय छ।

संस्कृति र समाज

यहाँ विभिन्न जातजाति र समुदायको बसोबास रहेको छ। मैथिली, भोजपुरी, नेवारी, नेपाली लगायत विभिन्न भाषा बोलिन्छन्। हिन्दू र मुस्लिम समुदायको उल्लेखनीय उपस्थिति पाइन्छ। छठ, होली, दशैं, तिहार आदि पर्वहरू विशेष रूपमा मनाइन्छन्।

### पर्यटन तथा प्राकृतिक सम्पदा

पर्सा जिल्लामा रहेको पर्सा राष्ट्रिय निकुञ्ज वन्यजन्तु र जैविक विविधताका लागि प्रसिद्ध छ। घण्टाघर वीरगञ्जको मुख्य चिन्हका रूपमा परिचित घण्टाघर पर्साको लोकप्रिय आकर्षण हो। यो स्थान व्यापारिक तथा सांस्कृतिक केन्द्रका रूपमा पनि चिनिन्छ। माईस्थान मन्दिर वीरगञ्ज स्थित यो प्रसिद्ध धार्मिक स्थल हिन्दू धर्मावलम्बीहरूको आस्थाको केन्द्र हो । विशेष गरी नवरात्रि र छठ पर्वमा यहाँ ठूलो भीड लाग्ने गर्दछ । पर्सागढी मन्दिर यो धार्मिक तथा सांस्कृतिक महत्व बोकेको मन्दिर हो। स्थानीय पर्यटकका लागि आकर्षक गन्तव्य मानिन्छ। ठोरी क्षेत्र प्राकृतिक सौन्दर्य, जंगल तथा ग्रामीण पर्यटनका लागि प्रसिद्ध छ। यो क्षेत्र चितवन र पर्सा राष्ट्रिय निकुञ्जसँग जोडिएको छ। कोइलाभार माई मन्दिर धार्मिक पर्यटनका लागि महत्वपूर्ण यो मन्दिर स्थानीय श्रद्धालुहरूको प्रमुख आस्थास्थल हो। शंकराचार्य गेट वीरगञ्ज क्षेत्रमा रहेको यो आकर्षक प्रवेशद्वार पर्यटकहरूका लागि फोटो खिच्ने तथा घुम्ने लोकप्रिय स्थान हो।

बारा जिल्लामा पनि धार्मिक तथा सांस्कृतिक स्थलहरू रहेका छन्, जसले आन्तरिक पर्यटनलाई सहयोग पुर्याएका छन्। गढीमाई मन्दिर यो बारा जिल्लाको सबैभन्दा प्रसिद्ध धार्मिक स्थल हो। प्रत्येक पाँच वर्षमा यहाँ लाग्ने गढीमाई मेला नेपालकै ठूलो धार्मिक मेलामध्ये एक मानिन्छ। नेपाल तथा भारतबाट हजारौं श्रद्धालु दर्शन गर्न आउने गर्छन्। सिम्रौनगढ ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण क्षेत्र हो।

प्राचीन समयमा यो कर्णाट राज्यको राजधानी मानिन्थ्यो। यहाँ पुराना दरबार, भग्नावशेष तथा ऐतिहासिक संरचनाहरू पाइन्छन्।

पर्यटन विकास कार्यालय

मधेस प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय अन्तर्गत कार्य गर्ने सरकारी निकाय हो। यस कार्यालयले नेपालको पर्यटन क्षेत्रको विकास, प्रवर्द्धन, योजना निर्माण तथा पर्यटन सम्बन्धी गतिविधिको व्यवस्थापन गर्ने काम गर्दछ।

मुख्य कार्यहरू

- पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गर्ने
- पर्यटकीय स्थलहरूको संरक्षण तथा पूर्वाधार विकास गर्ने
- होटल, ट्राभल एजेन्सी तथा पर्यटन व्यवसायको नियमन गर्ने
- आन्तरिक तथा बाह्य पर्यटनलाई प्रोत्साहन गर्ने
- पर्यटन नीति तथा योजना कार्यान्वयन गर्ने

## २. पर्यटन विकास कार्यालय पर्साको काम, कर्तव्य र अधिकार

- पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गर्ने
- पर्यटकीय स्थलहरूको संरक्षण तथा पूर्वाधार विकास गर्ने
- होटल, ट्राभल एजेन्सी तथा पर्यटन व्यवसायको नियमन गर्ने
- आन्तरिक तथा बाह्य पर्यटनलाई प्रोत्साहन गर्ने
- पर्यटन नीति तथा योजना कार्यान्वयन गर्ने
- मेला महत्सवमा उद्यमीहरुलाई सहभागी गराउने कार्य गर्ने ।
- पर्यटकीय मेला महोत्सवको आयोजना तथा सहभागिता ।
- दैनिक प्रशासनिक कार्यहरु तथा तालुक निकायबाट प्रत्यायोजित अन्य सम्पूर्ण सेवाहरु ।

## ३. कार्यालयबाट प्रदान गरिने सेवाहरु

### सेवा प्रवाहका क्षेत्रहरु/प्रक्रियाहरु


| क्र.सं. | सेवा/सुविधा को प्रकृति | सेवाग्राहीले पुर्याउनुपर्ने प्रकृया तथा पेश गर्नुपर्ने कागजात | लाग्ने शुल्क | लाग्ने समय | सेवा प्रवाह गर्ने जिम्मेवार कर्मचारी/इकाई | गुनासो सुन्ने पदाधिकारी |
|---|---|---|---|---|---|---|
| १ | ठेक्कापट्टा | | | | | |
| क | दरभाउपत्र/ बोलपत्र खरिद | नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. र भ्याट दर्ता, करचुक्ता प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र सहितको निवेदन | दरभाउपत्र/बोलपत्र सम्बन्धी कागजातमा तोकिएबमोजिम लाग्ने शुल्क | प्रकृया पुरा भइ सम्बन्धित सेवाग्राहीले सम्पर्क राख्न आएको दिन तत्कालै ( हार्ड कपि विक्रि प्रावधान रहेकोमा मात्र) | प्रशासन शाखा | कार्यालय प्रमुख |
| ख | ठेक्का सम्झौता सम्बन्धि | Performance Bond सहित निवेदन | | सिलबन्दी दरभाउपत्र र बोलपत्र स्वीकृत भइ सम्झौता गर्न बोलाएको क्रमशः ७ दिन र १५ दिन | सम्बन्धित प्राविधिक/इन्जिनियर | कार्यालय प्रमुख |
| ग | विडवंड फिर्ता | सम्बन्धित ठेक्का सम्झौता भएको मिति पश्चात लिखित निवेदन | निशुल्क | निवेदन आएका दिन तत्कालै | आर्थिक प्रशासन शाखा | कार्यालय प्रमुख |
| घ | Performance Bond तथा धरौटी फिर्ता | करचुक्ता गरेको प्रमाण पत्र वा कर विवरण कर कार्यालयमा दाखिला गरेको प्रमाणपत्र तथा कर समायोजन गरिएको पत्र राखी लिखित निवेदन दिने site clearance र store clearance गराएको हुनुपर्ने | निशुल्क | सम्पूर्ण प्रकृया पुर्याएको दिनमा फिर्ता हुने | साइट इन्जिनियर/आर्थिक प्रशासन शाखा/जिन्सी शाखा | कार्यालय प्रमुख |
| ङ | खरिद सम्झौताको अवधि थप सम्बन्धि | निर्माण व्यवसायीको लिखित निवेदन, निवेदनमा उचित र पर्याप्त र उचित कारण रहनुपर्ने साथै Performance Bond, APG र Insurance को म्याद थप भएको हुनुपर्ने | निशुल्क | खरिद सम्झौता र खरिद नियममा भए बमोजिम | साइट इन्जिनियर र आर्थिक प्रशासन शाखा | कार्यालय प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| च | त्रुटि दायित्व अवधि भित्र त्रुटि सच्चाउने कम | सम्बन्धित आयोजनामा देखिएको त्रुटी बारे जानकारी | निशुल्क | तत्काल आयोजना अनुगमन गरि त्रुटी सच्चाउन सम्बन्धित निर्माण व्यवसायीलाई लिखित पत्राचार गर्ने | साइट इन्जिनियर | कार्यालय प्रमुख |
| छ | मुल्यांकन भुक्तानी | आवश्यक कागजात पुर्याई निवेदन | निशुल्क | बढीमा २८ दिन | साइट इन्जिनियर/आर्थिक प्रशासन | कार्यालय प्रमुख |
| २ | गुनासो सुनुवाई | स्वं कार्यालयमा उपस्थित भइ वा टेलिफोन मार्फत मौखिक/लिखित वा इमेल/वेवसाइट मार्फत गुनासो दर्ता | निशुल्क | नियमले तोके अनुसार | निवेदकको व्यहोरा हेरी सम्बन्धित पदाधिकारी तोकिने | कार्यालय प्रमुख |
| ३ | योजनासँग सम्बन्धित सूचना जानकारी | स्वं कार्यालयमा उपस्थित भइ वा टेलिफोन मार्फत मौखिक/लिखित वा इमेल/वेवसाइट मार्फत | निशुल्क | नियमले तोके अनुसार | सूचना अधिकारी | कार्यालय प्रमुख |
| ४ | कार्यअनुभव को प्रमाणपत्र | लिखित निवेदन | निशुल्क | ७ दिन भित्र | साइट इन्जिनियर | कार्यालय प्रमुख |
| ५ | पर्यटन प्रवर्द्धर्न सम्बन्धी कार्य | तोकिए बमोजिम | तोकिए बमोजिम | तोके अनुसार | प्रशासन | कार्यालय प्रमुख |

## ५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

| क्र.स. | कर्मचारीको नाम/थर | पद | कार्यरत फाँट | कै. |
|---|---|---|---|---|
| १. | अरविन्द यादव | नि.प्रमुख उद्योग अधिकृत | कार्यालय प्रमुख | |
| २. | रमेश कुमार यादव | सहायक शाखा अधिकृत | प्रशासन | |
| ३. | निरज कुमार शाह | इन्जिनियर छैठौं | प्राविधिक | थप |
| ४. | अमोद कुमार यादव | सहायक शाखा अधिकृत | जिन्सी | |
| ५. | दिनेश प्रसाद यादव | हलुका सवारी चालक | प्रशासन/सवारी | |
| ६. | रामबाबु राय यादव | कार्यालय सहयोगी | सोधपुछ/दर्ता चलानी | |
| ७. | कोषराज प्रसाद यादव | कार्यालय सहयोगी | सोधपुछ/दर्ता चलानी | |

## संगठन संरचनाः



## दरवन्दी तेरिजः

मधेश प्रदेश सरकार
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
**पर्यटन विकास कार्यालय**
वीरगंज, पर्सा
(कार्यक्षेत्र पर्सा/बारा)

प्रमुख सचिव

**दरबन्दी तेरिज**

| क्र.स. | तह/पद | श्रेणी/तह | सेवा/समूह/उपसमूह | मैजुदा दरबन्दी | थप | घट | कायम दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | पर्यटन विकास अधिकृत | नवौं/दशौं | प्र./सा.प्र | १ | ० | ० | १ | |
| २ | अधिकृत | सातौं/ आठौं | प्र./सा.प्र | १ | ० | ० | १ | |
| ३ | सव-ईन्जिनियर | स. पाचौं/छैठौं | इन्जी,सिभिल | ३ | ० | १ | २ | |
| ४ | सहायक/अधिकृत | स. पाचौं/छैठौं | प्र./सा.प्र | २ | ० | ० | २ | |
| ५ | लेखापाल/अधिकृत | स. पाचौं/छैठौं | प्र./लेखा | १ | ० | ० | १ | |
| ६ | ह.स.चा | श्रेणी विहिन | - | १ | ० | ० | १ | |
| ७ | कार्यालय सहयोगी | कार्यालय सहयोगी | - | २ | ० | ० | २ | |
| | जम्मा | | | ११ | ० | १ | १० | |

सुशिल कुमार साह
प्र. प्रदेश सचिव

## ६. सेवा प्रवाह गर्न लाग्ने दस्तुर र अवधि

**खण्ड ३ मा उल्लेख भए अनुसार ।**

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस कार्यालयको कामकारवाही विषयमा निर्णय गर्ने कार्य कार्यालय प्रमुखबाट हुने गरेको छ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस कार्यालयको कार्यहरुको निर्णय उपर उजुरी सुन्ने अधिकारी कार्यालय प्रमुख रहेको छ ।

## ९. आ.व. ०८२/८३ मा सम्पादन गरेका कार्यहरुको विवरण

| सि न | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु खर्च | २,०८,८६,००० | १,२७,९५,९१८.६६ | ६१.२७ |
| २ | पुँजिगत खर्च | ५०,६६,१२,००० | २५,२१,२४,०७५.८१ | ४९.७७ |
| | कुल | ५२,७४,९८,००० | २६,४९,१९,९९४.४७ | ५०.२२ |

## १०. कार्यालय प्रमुख तथा सूचना अधिकारीको नाम, पद

कार्यालय प्रमुखको नामः अरविन्द यादव
पद : नि. कार्यालय प्रमुख
सम्पर्क नम्बरः ९८५५०१४०७८

सूचना अधिकारीको नामः रमेश कुमार यादव
पद : सहायक शाखा अधिकृत
सम्पर्क नम्बरः ९८५५०१३०७८

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ तथा नियमावली २०७७
- विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० (पवहलो संशोधन, २०८० ािरी भएको)
- भ्रमण खर्च नियमावली २०६४
- सुशासन ऐन २०६४ तथा नियमावली २०६५
- निजामति सेवा ऐन, २०४९
- निजमती सेवा नियमावली, २०५०
- निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५
- निजामती कर्मचारी कल्याणकारी कोष नियमावली, २०७२
- सूचनाको हक सम्बन्धि ऐन, २०६४ र नियमावली, २०६५
- वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७

## १२. तोकिए बमोजिमका अन्य विवरण

नभएको

## १३.अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण

नभएको

## १४.कार्यालयको वेवसाइट

घरेलु तथा साना उद्योग कार्यालयको वेवसाइट- https://tdoparsa.madhesh.gov.np/




## १५. प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण

नभएको

## १६. सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिइएको विषय

स्वतः प्रकाशन

## १७. सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण

पर्यटन विकास कार्यालयको फेसबुक पेज तथा वेबसाइटमा प्रकाशन हुने गरेको ।